बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

प.सं.- प्र./२०८०/०८१
च.नं.- १५६६

मितिः २०८०।०८।१८

विषयः परिपत्र ।

श्री सबै मन्त्रालय/आयोग/कार्यालय/सचिवालय
श्री सबै स्थानीय तहहरु,
बागमती प्रदेश ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ६७० मिति २०८०।०२।१८ को पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।०२।०९ को संलग्न निर्णयानुसार प्राप्त पत्रको निर्णय अवगतनै छ । कर्मचारी सामायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारी र लोक सेवा आयोगको सिफारिसमा नियुक्त भएका प्रदेश तथा स्थानीय तहका कर्मचारीको अध्ययन पूर्व स्वीकृति, स्वदेशी तथा वैदेशिक अध्ययन/तालिममा मनोनयन र अध्ययन तथा असाधारण विदा निजामती सेवा ऐन,२०४९ र निजामती सेवा नियमावली,२०५० का आधारमा प्रदेशको प्रमुख सचिवले स्वीकृति गर्ने अधिकार प्रत्यायोजन भएको हुदा सरकारले प्रदान गर्ने छात्रवृत्ति कोटा वा निजि प्रयास लगाएत विभिन्न स्वदेशी वा विदेशी संस्थाहरुमा अध्ययन गर्ने कर्मचारीहरुको अध्ययन पूर्व स्वीकृति तथा विदा स्वीकृतिको लागि परीक्षार्थिहरुको फाइल समयमा प्राप्त नहुने र परीक्षा भन्दा पछाडि पूर्व स्वीकृतिको फाइल प्राप्त हुदा विदा स्वीकृति वा पूर्व स्वीकृती हुन नसकेको कारणले त्यस्ता विदा तथा अध्ययन विदा स्वीकृति तथा पूर्वस्वीकृतिकालागि प्राप्तहुने आवेदनहरु परिक्षार्थिले प्रवेश परिक्षाको आवेदन दिने अन्तिम मिति भन्दा १५ दिन अगाडि यस कार्यालयमा दर्ता हुने गरी सबै प्रक्रिया तथा कागजात पुरागरी पठाउनुहुन यस कार्यालयको मिति २०८०।०८।१८ को निर्णय (प्रमुख सचिवस्तर) अनुसार अनुरोध छ ।

नोटः- सो सम्बन्धी संलग्न गर्नुपर्ने कागजातको चेकलिष्ट यसै पत्र साथ संलग्न छ ।

(बिनोद पौडेल)
अधिकृत आठौं

श्री सूचना तथा संचार समन्वय शाखाः- Website मा Upload गरिदिनुहुन ।

फोन नं.०५७५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स नं.: ५२७५०७ वेबसाइटःwww.ocmcm.bagamati.gov.np ईमेलःocmcm.bagamati@gmail.com

बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

प.सं.- प्र./२०८०/०८१
च.नं.-

**<u>अध्ययन पूर्व स्वीकृति (स्वदेशी तथा वैदेशिक अध्ययन) तथा तालिममा मनोनयनका लागि संलग्न गर्नुपर्ने कागजातको विवरणहरु</u>**

१. कर्मचारीको स्थायी नियुक्ती पत्रको प्रमाणित-१ प्रति
२. हालको पदमा तह/स्तर वृद्धि भएको भए सोको प्रमाणित प्रतिलिपि-१ प्रति
३. समायोजन र पदस्थापना गरिएको पत्रको प्रमाणित प्रतिलिपि-१ प्रति
४. राष्ट्रिय किताबखाना (निजामती) बाट मुद्रण गरिएको कर्मचारीको बैयक्तिक विवरण (PIS)-१ प्रति
५. पूर्व स्वीकृती माग गर्ने कर्मचारीको सक्कल निवेदन (कुन विदा कुन कानूनी व्यवस्था अनुसार चाहिएको हो सो उल्लेख गर्नुपर्ने) ।
६. यस अघि उक्त विदा लिए/नलिएको भन्ने व्यहोराको कर्मचारी कार्यरत सम्बन्धीत कार्यालयको सक्कल सिफारिस र लिएको भए सोको विवरण समेत-१ प्रति
७. प्रदेश निजमती सेवा ऐन,२०७९ को दफा ९५ को खण्ड (क) बमोजिम सजाय पाएको/नपाएको भन्ने व्यहोराको कर्मचारी कार्यरत सम्बन्धीत कार्यालयको सक्कल सिफारिस पत्र -१ प्रति
८. सेवा अटुट/अविच्छिन्नताको कर्मचारी कार्यरत सम्बन्धीत कार्यालयको सक्कल सिफारिस पत्र-१ प्रति
९. सेवा अवधि, भौगोलिक क्षेत्रको वर्गिकरण बमोजिम कार्य अनुभव चाहिनेको हकमा सो समेत खुल्नेगरी कर्मचारि कार्यरत कार्यालयको सक्कल सिफारिस पत्र-१ प्रति
१०. शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपिहरु ।
११. अध्ययन/तालिमको विषयवस्तु, अवधि तोकि प्रकाशन भएको शैक्षिक कार्यक्रमको आवेदन फाराम भर्ने सम्बन्धीको सूचनाको प्रतिलिपि-१ प्रति।
१२. विदा स्वीकृति/पूर्व स्वीकृती को लागि कर्मचारी कार्यरत कार्यालयको (सम्बन्धित पालिका/मन्त्रालय) सिफारिस (सक्कलै स्वीकृत टिप्पणी सहित) पत्र
१३. अध्ययन गर्ने विषय र सम्बन्धित विश्वविद्यालयको (स्वदेशि वा वैदेशीक) सूचना को प्रतिलिपि

फोन नं.:०५७५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स नं.: ५२७५०७ वेबसाइट:www.ocmcm.bagamati.gov.np ईमेल:ocmcm.bagamati@gmail.com